# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# इनरुवा, सुनसरी

## सुचिकृत सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७४।०४।०९ गते**

यस नगरपालिका कार्यालयको मितिः २०७४ श्रावण ६ गतेको निर्णाय अनुसार आ.ब.०७३।०७४ मा सुचिकृत भएको कन्सलटेन्सीहरुले नविकरण गर्न र यस चालु आ.ब. ०७४।७५ मा सुचिकृत हुन चाहने कन्सल्टेन्सीहरुले तपसिलका कागजातहरु सहित प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रीतपुर्वक सुचिकृत गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।

**तपसिल**

क) नविकरण गर्नेको हकमा।

१. आ.ब. ०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

२. आ.ब. ०७४।७५ को नविकरण गरेको न.पा. प्रमाण पत्रको प्रतिलिपि।

३. प्राविधिक परिवर्तन गर्ने भए सोको विवरण तथा शैक्षिक प्रमाण पत्र तथा नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

ख) चालु आ.ब.मा सुचिकृत गर्नेको हकमा।

१. घरेलु तथा साना उधोग कार्यालयमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र आ.ब. ०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

३. इनरुवा न.पा.मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

४. डिजाइन गर्ने इन्जिनियरको इन्जिनियरिंग काउन्सील दर्ता प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

५. नक्सा तयार गर्ने सब इन्जिनियर वा अ.सब इन्जिनियरको शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।